नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, २०७३
बागमती प्रदेश, नेपाल ।

फोन नं. ४६७१७१७
सितापाइला, काठमाण्डौं

प.सं. २०७७/०७८
च.नं.

मिति २०७७/०९/०९

सुचना । सुचना । सुचना ।

बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयबाट आ.व. ०७७/०७८ मा यस नागार्जुन नगरपालिकाका लागि विनियोजित सशर्त अनुदान कार्यक्रम अर्न्तगत अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्नस्थापना (CBR) कार्यक्रम संचालन गर्न अपाङ्गता भएका क्षेत्रमा काम गर्न गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा कार्यक्रम गनुपर्ने भएको हुदाँ तपशिलमा उल्लेखित कागजातहरु समेत सलग्न राखि यस नगर क्षेत्र भित्र काम गर्ने स्थानिय संस्था वा सो नभएमा जिल्ला भित्र कै संस्था मध्येबाट छनौट गर्ने गरी यो सुचना प्रकासित भएको मितिले १५ दिन भित्र यस नागार्जुन नगरपालिका महिला तथा बालबालिका शाखामा दरखास्त पेश गर्न हुन यो सुचना प्रकासित गरिएको छ ।

**तपशिल**

**क संस्थाले संचालन गनुपर्ने कार्यक्रमहरु :**

१) अपाङ्गता भएका व्यक्तिहरुलाई विद्यमान कानुनमा व्यवस्था भएका विभिन्न सेवा सुविधा अवसर बारे जानकारी दिने परार्मस दिने र सेवा एवं अवसर प्राप्त गर्न मद्दत गर्ने ।
२) स्थानिय तहमा तालिम संचालन गर्दा स्थानिय शिक्षक , बुद्धिजिवी, समाजसेवी, स्वयंसेवक लगायत सरोकारवालासँग समन्वय गर्ने र सेवा प्राप्त गर्न पहल गर्ने ।
३ )अपाङ्गता भएका व्यक्तिहरुलाई विकास निर्माण सम्वन्धी क्रियाकलाप तथा सार्वजनिक सरोकारका विषयमा समाहित गर्न समन्वय गर्ने ।
४)अपाङ्गता भएका व्यक्तिहरुको अविलम्व पहिचान एवं सेवा परामर्श पुर्व तयारी कक्षा संचालन,समाहित शिक्षा , विषेश शिक्षा ,तालिम (रोजगार र व्यवसाहिक) तालिम स्वास्थ्योपचार सेवा ,स्याहार र रेखदेख गराउन मद्दत गर्नृ गराउने ।
५) अपाङ्गता भएका व्यक्ति ,परिवार स्थानिय निकायका पदाधिकारी समुदायका लागि अपाङ्गपन निरोध न्युनिकरण एवं उपचारात्मक लगायत सचेतना सम्बन्धी तालिम कार्यक्रम, गोष्ठी, सभा अर्न्तक्रिया संचालन गर्ने गराउने ।

**ख) विनियोजित बजेट रु .३०००००।( तिन लाख )**

**ग )दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु ।**

क ) अपाङ्गताका क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजातहरु ।
ख) संस्था दर्ता नविकरण ,विधान, प्रशासनिक र आर्थिक नियमावलीको छाँया कपी ।
ग) समाज कल्याण परिषदको आवद्धता प्रमाण पत्र ।
घ )गत वर्षको बार्षिक प्रतिवेदन तथा लेखा परिक्षण प्रतिवेदन ।
ङ )संस्थाको भौतिक पुर्वाधारको अवस्था दर्शाउने कागजात ।